जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १५१ २०७९ साल पुस २९ गते शुक्रबार (13 Jan. 2023 Friday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : डेढ दशकमा हुलाकी राजमार्गको.. ३ पृष्ठमा : जाडोमा हृदयाघातको उच्च... ३ पृष्ठमा : महिलामाथिको प्रतिबन्धले...

## मधेश प्रदेशमा नेकपा एस संसदीय दलको नेतामा न्यौपाने सर्वसम्मत

**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

मधेश प्रदेश नेकपा (एकीकृत समाजवादी)को संसदीय दलको नेता गोबिन्द बहादुर न्यौपाने सर्वसम्मत चयन भएका छन् ।

उनी सप्तरीको संसदीय निर्वाचन क्षेत्र नं. ४ को १ प्रदेशसभा क्षेत्रबाट प्रदेशसभा सदस्यमा दोश्रो कार्यकालका लागि निर्वाचित भएका हुन् । यसअघि उनी २०७४ सालमा पनि यसै क्षेत्रबाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।



उनले मधेश प्रदेशसभाको ज्येष्ठ सदस्यका हैसियतले प्रदेशसभा सदस्यहरुलाई सपथ ग्रहण समेत गराएका छन् ।

मधेश प्रदेशसभामा नेकपा एकीकृत समाजवादीको ७ सीट रहेको छ भने नेकपा एमालेको २३ सीट, काँग्रेसको २२, जसपाको १६, जनमतको १३, लोसपाको ९ र माओवादीको ८ सीट छ । त्यसैगरी राप्रपा, नागरिक उन्मुक्ती पार्टी र नेपाल संघिय समाजवादी पार्टीको १/१ र स्वतन्त्रको ६ सिट छ ।

योसँगै सप्तरीबाटै मधेश प्रदेश संसदीय दलको नेता हुनेको संख्या दुई पुगेको छ । यसअघि जनमत पार्टीबाट महेश प्रसाद यादव संसदीय दलको नेतामा सर्वसम्मत चयन भएका थिए । उनी संसदीय क्षेत्र नं. २ को प्रदेशसभा २ बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका हुन् ।

## गर्भवति तथा सुत्केरी महिलालाई सर्वोत्तम पिठो वितरण



**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. १ का गर्भवति तथा सुत्केरी महिलालाई विहिबार एक कार्यक्रमबीच सर्वोत्तम पिठो (सुपरसिरियल) वितरण गरिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयद्वारा आयोजित एक कार्यक्रमबीच गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले सो पिठो वितरण गरेका हुन् ।

सो अवसरमा बोल्दै अध्यक्ष मण्डलले महिला तथा बालबालिकाको स्वास्थ्य अवस्थामा सुधार ल्याउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गरे ।

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादवले पहिलो चरणमा गर्भवति तथा सुत्केरी महिलाहरुलाई वितरण गरिएको बताउँदै दोस्रो चरणमा पाँच बर्ष मुनिका बालबालिकालाई समेत वितरण गर्ने जानकारी दिए ।

सीमा स्वास्थ्य चौकी नियमित एकीकृत स्वास्थ्य समन्वय तथा सञ्चालन कार्यक्रम अन्तर्गत आयोजित सो कार्यक्रम तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलको अध्यक्षतामा आयोजना गरिएको थियो ।

## अत्याधिक चिसोका कारण निधन भएका सदा परिवारलाई क्रिया खर्च प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, २८ पुस ।**

अत्याधिक चिसो तथा शीतलहरका कारण तीन दिनअघि निधन भएका सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ४ मुसहर टोलका देवु सदाको परिवारलाई क्रिया खर्च वापत सहयोग रकम प्रदान गरिएको छ ।

मृतक सदाका छोरालाई जनता समाजवादी पार्टीका युवा नेता निरज कुमार झाले ११ हजार र राजविराज टुडे दैनिक पत्रिकाका प्रकाशक शम्भु झाले १० हजार रुपैयाँ सहयोग रकम बिहीबार प्रदान गरेका हुन् ।

सो अवसरमा तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ का वडा अध्यक्ष मुनिलाल मुखिया, गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झा, सञ्चारकर्मी जितेन्द्र जितु लगायतको सहभागिता रहेको थियो ।

यस अघि गाउँपालिकाको कार्यालयबाट गत आइतबार ५० किलो चामल, ५ किलो मुरही, ५ किलो दाल, ५ किलो नुन, अढाइ किलो खाने तेल, दुई थान ब्ल्यांकेट र एक थान त्रिपाल तथा क्रिया खर्च वापत २५ हजार रुपैयाँ प्रदान गरिएको थियो ।



## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**



**हरहर महादेव जय श्रीराम ॐ नमः शिवाय**







**यहि मिति २०७९ साल माघ १ गतेका दिन मकरसंक्रान्तिको अवसरमा साधुसंत महन्त भक्तजनहरूलाई राजविराज नगरपालिका वडा नम्बर ७ स्थित प्राचीन महादेव श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगणमा भण्डाराको आयोजना गरिने भएकोले सम्पूर्ण जिल्लावासी, संतमहन्त साधुसंतलाई यस पावन अवसरमा भण्डारामा सहभागी भई प्रसाद ग्रहण गरी दिनुहुन सादर आमन्त्रण गरिन्छ ।**

**स्थान :**
श्री हरी नन्देश्वर महादेव मन्दिर प्रांगण
राजविराज नगरपालिका-७

**समय :**
२०७९/१०/०१ गते आइतबार ११:०० देखि ०४:०० बजेसम्म



## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार तपाईकै सहर राजविराजमा





आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय ....

# जनताको मतको कदर गर्नेतर्फ ध्यान पुगोस

अहिले संघ सरकारले विश्वासको मत लिएपछि सातै प्रदेशमा सरकार गठन प्रक्रियाले अन्तिम रुप लिएको छ। सातै प्रदेशमा सरकार गठन भएपछि सरकार बिस्तारको प्रक्रियाले तिब्रता पाएको छ। संघ सरकारमा रहेका विभिन्न दलहरुले नै प्रदेश सरकारमा निर्माणमा सहयात्री भएका छन्। यस क्रममा अहिले ती दलहरुले मन्त्रि मण्डलमा मन्त्री पठाउने सदस्यहरुको नामावलीलाई अन्तिम रुप दिन थालेका छन्। मधेश प्रदेश सरकारमा भने जसपाले मुख्यमन्त्री पाएसँगै अन्य सहयात्री दलहरुले मन्त्री मण्डलमा नाम  पठाउनेहरुको नामावली समेत तयार पारेका छन्। यस प्रदेशसमा शुक्रबार मन्त्रि मण्डल बिस्तार हुने कार्यक्रम रहेको छ।

जो सुकै मन्त्रि बनेपनि विगतका सरकारले गरेका कामहरुलाई निहाल्नु पर्ने उनीहरुको दायित्व रहेको छ। विगतका सरकारले गरेका कार्यहरु मध्ये सकारात्मक कार्यहरुलाई निरन्तरता दिनु आवश्यक छ। अनि मात्र कुनै पनि कार्यले पूर्णता पाउन सक्छ। जनस्तरमा गरिएको कामहरुलाई मुल्याङ्कन गरेर त्यसले समुदायस्तरमा कस्तो प्रभाव पारेको छ भन्ने कुरा मनन् गर्नु उत्तिकै जरुरी छ। अब बन्ने मन्त्री मण्डलका सदस्यहरुले आफू भन्दा बढी जनताको कामलाई पहिलो प्राथमिकतामा राख्नु आवश्यक छ। जनतको अभिमतको कदर गरे मात्र नेताको कदर हुने कुरामा दुई मत नहोला।

मधेशका जनताले निकै आशका साथ यस पटक छानिछानि निर्वाचित गरेका छन्। तसर्थ उनीहरुको आशा र भरोसालाई कायम राख्न जनताको मतको कदर गर्न सम्पूर्ण जननिर्वाचित पदाधिकारीहरुको पहिलो दायित्व बन्छ। यसका लागि उनीहरु अबको पाँच वर्षमा यही मतको कदर गर्दै जनस्तरलाई प्राथमिकता दिनु उत्तिकै जरुरी छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# डेढ दशकमा हुलाकी राजमार्गको प्रगति ८३ प्रतिशत

**सञ्चिता घिमिरे**
काठमाडौँ, २८ पुस (रासस)।

निर्माण सुरु भएको डेढ दशकमा हुलाकी राजमार्गको भौतिक प्रगति ८३ प्रतिशत पुगेको छ। राष्ट्रिय गौरवको हुलाकी राजमार्गको निर्माण सम्पन्न हुन अझै तीन वर्ष लाग्ने आयोजनाले जनाएको छ।

तराई मधेस क्षेत्रको समृद्धिको आधारका रूपमा रहेको सो राजमार्गमा हालसम्म नौ सय १० किमी सडक र एक सय १५ पुल निर्माण सम्पन्न भएका छन्। केही वर्षयता कोभिड, बन्दाबन्दीले गर्दा निर्माणमा ढिलाइ भइरहेको हुलाकी राजमार्ग निर्देशनालयका प्रमुख धर्मेन्द्रकुमार झाले बताउनुभयो। पहिले निर्माणस्थलका कारण निर्माणमा अवरोध पुगेको थियो, जुन अझै समाधान भइसकेको छैन। झण्डै दुई सय ५० किमी ठेक्का लगाउन बाँकी रहेको र पाँच सय किमी निर्माणाधीन रहेको निर्देशनालयले जनाएको छ। दाङ, बर्दिया र कपिलवस्तु गरी झण्डै ९० किमी ठेक्का लगाउन बाँकी रहेको प्रमुख झाले बताउनुभयो।

कतिपय ठेक्कामा निर्माण कम्पनीले काम नगरेको भए पनि विनियमावलीको व्यवस्थाका कारण विगतमा अवधि थप भइरहेको निर्देशनालयका प्रमुख झाले बताउनुभयो। उहाँका अनुसार काम नभएका ठेक्कामा पनि पटक-पटक जरिवाना नलिएरै अवधि थप भइरहेको थियो। सार्वजनिक खरिद नियमावलीको बाह्रौँ संशोधनले ठेक्काको अवधि असारसम्मका लागि थप गरेको छ।

विगतमा कानुनका कारण काम नगर्दा पनि अवधि थप हुने व्यवस्था भएपछि अहिले काम नहुँदा जरिवाना गराउन सकिने प्रमुख झाले बताउनुभयो। थपिएको अवधिमा यो समयसम्ममा यति गरिसक्नु पर्छ भनी तालिका बनाइएको र त्यसअनुसार नहुँदा कारबाही हुने उहाँको भनाइ छ।

अहिले आयोजनाअन्तर्गत झण्डै पाँच सय किमी सडक निर्माणाधीन रहेको छ। अहिले रुग्ण ठेक्का नभए पनि विगतमा काम नगरी अवधि थपिएको र अहिले पनि प्रगति हुन नसकेका ठेक्का पनि रहेको उहाँले बताउनुभयो। कार्यतालिका अनुसार काम नगरेमा ठेक्का तोडिने निर्देशनालयले जनाएको छ। उहाँले भन्नुभयो, "अहिले सडकका छ-सात ठेक्का र छ-सात पुलको ठेक्कामा समस्या देखिएको छ।"

चालु आवमा २७ पुल र एक सय ६० किमी सडक कालोपत्रको लक्ष्य रहेको आयोजनाले जनाएको छ। पछिल्लोपटक थपिएको अवधि आव २०७९/८० सम्म रहेको छ। कोभिडका कारण अरु धेरै विकास आयोजनाजस्तै यो आयोजनालाई असर गरेको प्रमुख झाले बताउनुभयो।

आयोजनामा खासगरी वन क्षेत्र र संरक्षण क्षेत्रमा निर्माणका लागि स्वीकृति नहुँदा निर्माण हुन नसकेको हो। चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा पहिलेको रेखाङ्कनअनुसार निर्माण गर्न नसकिएपछि त्यसको विकल्पका रूपमा पूर्व-पश्चिम राजमार्गको प्रयोग गर्ने गरी योजना बनाइएको प्रमुख झाले बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले निर्माण गर्न नसकिएको क्षेत्रमा हुलाकी राजमार्गकै उत्तर-दक्षिण सडकबाट पूर्व-पश्चिम राजमार्ग जानुपर्ने हुन्छ।"

यो आवमा ५० पुल र ९० किमी सडक निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाउने निर्देशनालयको तयारी रहेको छ। आयोजनाको निर्माण हाल छ योजना कार्यालय र एक डिभिजन कार्यालयमार्फत अघि बढाइएको हुलाकी राजमार्ग निर्देशनालयले जनाएको छ। योजना कार्यालय जनकपुर, वीरगञ्ज, कपिलवस्तु, नेपालगञ्ज र धनगढीमा रहेका छन् भने डिभिजन कार्यालय भरतपुरले समेत चितवन खण्डमा निर्माण गरिरहेको छ।

इटहरी योजना कार्यालयअन्तर्गत तीन सय ३६ किमी सडकमध्ये जम्मा एक सय ९१ किमी कालोपत्र सम्पन्न भएको छगतस्। जनकपुर योजना कार्यालयले दुई सय ८९ किमीमध्ये एक सय ६७ किमी, वीरगञ्ज योजनाले दुई सय तीन किमीमध्ये एक सय ८३ किमी सम्पन्न गरेको छ। कपिलवस्तुस्थित योजना कार्यालयले जम्मा एक सय २६ किमीमध्ये ५२ किमी, नेपालगञ्जले दुई सय ८४ किमीमध्ये एक सय १९ किमी र धनगढीले एक सय ५७ किमीमध्ये ५५ किमी सम्पन्न गरेको छ। डिभिजन सडक कार्यालय भरतपुरले ४१ भरतपुर माडी सडक २० किमी सम्पन्न गरेको छ।

चालु आवमा लक्ष्यअनुसारको सडक र पुल निर्माण गरेर आगामी आवमा एक सय ५३ किमी सडक र ६० पुल निर्माणका लागि ठेक्का प्रक्रियामा जाने प्रमुख झाले बताउनुभयो। उहाँका अनुसार निर्माणमा जान बाँकी खण्डमध्ये गाईघाट बनियानी खण्डमा ३५ सडक निर्माणका लागि र ३० किमीको चिराइनाका-कल्याणकोट-गोबरडिहा-गढावा-राजपुर-ठोकुवा सडकखण्डमा प्रारम्भिक वातावरणीय मूल्याङ्कन (इआइए) भइरहेको छ। तीस किमी अमुवा-माढी-रिउखोला सडकको केही खण्ड र चितवन नवलपुरको जगतपुर-बहुवन सडकखण्ड ३८ किमी निकुञ्ज क्षेत्रमा तथा नवलपरासीको महेन्द्र राजमार्गबाट दुम्कीबास त्रिवेणी सडकखण्ड २० किमी जङ्गली क्षेत्रमा रहेको छ।

आयोजनाअन्तर्गत हाल १६ वटा निषेधाज्ञा मुद्दा रहेका छन्। सडक सीमासम्बन्धी विवादका कारणले गर्दा निर्माणस्थल खाली गराउन समस्या भइरहेको प्रमुख झाले बताउनुभयो। बिजुली र टेलिफोनका खम्बा स्थानान्तरणमा कठिनाइ भइरहेको छ। निर्माणस्थलमा देखिएको समस्या समाधानका लागि स्थानीय निकाय र प्रशासनको सहयोगमा समाधानका लागि प्रयास भइरहेको आयोजनाले जनाएको छ।

सडक सीमा विवादका कारण जनकपुर, पुलचोक, तेतरिया बजार, वीरेन्द्रबजार यदुकोहा, तीनकोरियालगायतका स्थानमा निर्माणमा अवरोध पुगेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "कतिपय ठाउँमा सडक छेउमा रहेका मन्दिरलाई स्थानान्तरण गरी सडक निर्माण गर्नुपर्ने छ।"

भारतीय अनुदानमा बनेका सडकमध्ये कतिपय नेपाल सरकारलाई हस्तान्तरण भइसकेका र कतिपय निर्माणका क्रममा रहेको आयोजनाले जनाएको छ। विगतमा निर्माण सम्पन्न भएको भनी हस्तान्तरण भएका सडकमा समेत पैदलयात्रु मार्गलगायतका संरचना निर्माण बाँकी रहेकाले हाल निर्माण भइरहेको छ। ती सडकमा सवारीसाधन भने चलिरहेका आयोजनाले जनाएको छ।

आयोजनाको कुल बजेट रु ६५ अर्ब २० करोड रहेकामा हालसम्म रु ५४ अर्ब ७५ करोड खर्च भएको छ। बजेटमा रु आठ अर्बको भारतीय सहयोग रहेको छ भने बाँकी रु ५६ अर्ब २० करोड नेपाल सरकार/आइएमएफको रहेको छ।

सो आयोजनाले आव २०६५/६६ मा निर्माण सुरु गरेर आव २०७४/७५ मा सम्पन्न गर्ने लक्ष्य लिएको थियो तर पछि त्यसलाई संशोधन गरेर आव २०७९/८० पुऱ्याइएको थियो। राणाकालमा चिठ्ठी आदान-प्रदानका लागि प्रयोग हुने भारतीय सीमा नजिकैको सडकलाई नै डेढ दशक पहिले हुलाकी राजमार्ग नामकरण गरिएको थियो। उक्त राजमार्ग पहिले हुलाकी पुल आयोजनाका रूपमा थियो। पहिले भारत सरकारले सबै सडक अनुदानमा निर्माण गर्ने र पुल सरकारले बनाउने सम्झौता भएको थियो।

विसं २०६५/६६ मा भएको समझदारीमा भारतीय प्राविधिक र निर्माण व्यवसायी उताबाट आएर बनाउने उल्लेख थियो। पछि विभिन्न कारणले त्यो 'मोडालिटी'मा काम हुन सकेन। आव २०७३/७४ मा हुलाकी राजमार्ग आयोजना निर्देशनालय बनेर हुलाकीको पूर्व-पश्चिम सडकसँगसँगै 'फिडर रोड' अघि बढाइएको थियो।

पूर्व-पश्चिम र उत्तर-दक्षिणका राजमार्ग गरी जम्मा लम्बाइ एक हजार आठ सय ५७ किमी र जम्मा पुल सङ्ख्या दुई सय ५० रहेको हुलाकी राजमार्ग आयोजना निर्देशनालयले जनाएको छ। पूर्व-पश्चिम सडक नौ सय ४५, उत्तर-दक्षिण नौ सय १२ किमी रहेको छ। आयोजनामा हालसम्म वित्तीय प्रगति जम्मा ८३ दशमलव ९८ प्रतिशत रहेको छ। जम्मा तीन सय सात किमी सडक निर्माणका लागि भारतीय सरकार अनुदानका रूपमा रु आठ खर्ब सहयोग गरेको छ।

# वाणिज्य बैंकमा 'बिग मर्जर'को बहार, आठ बैंक गाभिए

काठमाडौँ, २८ पुस (रासस)।

आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति सार्वजनिक गर्दै नेपाल राष्ट्र बैंकका तत्कालीन गर्भनर डा चिरञ्जीवि नेपालले वाणिज्य बैंकहरूको चुक्ता पुँजी आठ अर्ब पुऱ्याउने पर्ने व्यवस्था गर्नुभयो। यसका लागि २०७४ असार मसान्तसम्मको समय दिइएको थियो।

चुक्ता पुँजी वृद्धिको उद्देश्य थियो वाणिज्य बैंकको सङ्ख्या घटाउनु। तत्कालीन समयमा लिइएको उक्त नीतिले अहिले आएर बल्ल सार्थकता पाएको छ। यसबीच केही वाणिज्य बैंकहरू मर्जर भए पनि पछिल्लो पटक भएको मर्जरको लहरले 'बिग मर्जर'को तत्कालीन उद्देश्य पूरा भएको अनुभुत हुने गरी वाणिज्य बैंकको सङ्ख्या घटेको हो।

पुस महिनामा मात्रै आठवटा वाणिज्य बैंक एकापसमा गाभिएका छन् भने थप दुई वाणिज्ज बैंक मर्जरको चरणमा छन्। नेपाल इन्भेष्टमेण्ट बैंक र मेगा बैंक नेपाल लिमिटेड एकापसमा गाभिनका लागि बुधबार आयोजित कार्यक्रममा अध्यक्ष पृथ्वीबहादुर पाँडेले व्यक्त गर्नुभएको धारणाले पनि सरकारको नीति कार्यान्वयनमा वाणिज्य बैंकहरू लागिपरेको स्पष्ट बुझ्न सकिन्छ।

उहाँले बैंक तथा वित्तीय संस्था सबल बन्दा वित्तीय क्षेत्रमा थप ऊर्जा प्रदान गर्नुका साथै राष्ट्र बैंकको मर्जर नीतिलाई थप उत्साह प्रदान गरी अन्य बैंकलाई समेत मर्जरका लागि प्रेरित गरेको बताउनुभएको थियो।

दुई बैंकबीच सेयर स्वाप अनुपात १००:९० छ। एकापसमा गाभिएपछि बनेको नयाँ बैंकको अध्यक्षमा साविक इन्भेष्टमेन्ट बैंककै अध्यक्ष पाँडे र प्रमुख कार्यकारी अधिकृतमा ज्योतिप्रकाश पाण्डे रहनुभएको छ।

नयाँ सञ्चालक समितिमा दुवै बैंकको सञ्चालकको प्रतिनिधित्व रहने गरी इन्भेष्टमेन्टको तर्फबाट प्रजन्य राजभण्डारी, कविकुमार टिबडेवाला र मेगाको तर्फबाट गोपाल खनाल, मदनकुमार आचार्य र मुक्तिराम पाण्डे रहनुभएको छ। साविक इन्भेष्टमेन्ट बैंकमा स्वतन्त्र सञ्चालकका रूपमा रहनुभएका मञ्जु बस्नेत नै अब बन्ने सञ्चालक समितिमा पनि स्वतन्त्र सञ्चालक रहनुभएको छ।

मर्जरपश्चात् बैंकको कुल चुक्ता पुँजी रु ३४ अर्ब १२ करोड, कुल पुँजी रु ५८ अर्बभन्दा बढी र कुल सम्पत्ति रु चार खर्ब ७१ अर्ब रहेको छ। त्यसैगरी कुल निक्षेप ३६० दशमलव दुई अर्ब तथा कर्जा लगानी ३२९ दशमलव ०६ अर्ब पुगेको छ। कुल ३० लाख ग्राहकलाई सेवा प्रदान गर्दै नेपाल इन्भेष्टमेन्ट मेगा देशकै ठूला वाणिज्य बैंकमध्येको अग्रणी बैंक बनेको छ। अध्यक्ष पाँडेका अनुसार बैंकले कुल जनसङ्ख्याको १० प्रतिशत नागरिकलाई सेवा प्रदान गर्दै आएको छ।

पुस मसान्तभित्र मर्जरमा नजाँदा राष्ट्र बैंकले दिने सुविधाबाट बञ्चित हुने भएपछि बैंकहरू हतार-हतार मर्ज भएर एकीकृत कारोबार सुरु गरेका हुन्।

आठ वाणिज्य बैंक मर्ज भएर एकीकृत कारोबारसमेत सुरु गरिसकेका छन्। पुस महिनामा कुमारी र एनसिसी, ग्लोबल आइएमई र बैंक अफ काठमाण्डू (बिओके), प्रभु र सेन्चुरी बैंक तथा नेपाल इन्भेष्टमेन्ट र मेगा बैंक एकापसमा गाभिएर एकीकृत कारोबार सुरु गरिसकेका छन्।

कुमारी बैंक र नेपाल क्रेडिट एण्ड कमर्श (एनसिसी) बैंक मर्जरपश्चात गत पुस १६ देखि कुमारी बैंकको नामबाट एकीकृत कारोबार सुरु भइसकेको छ। दुई बैंक १:१ शेयर अनुपातमा मर्जर भएका हुन्। एकीकृत कारोबारपश्चात् चुक्ता पुँजी रु २६ अर्ब २३ करोड, कुल निक्षेप रु तीन खर्ब २ अर्ब र कर्जा रु दुई खर्ब ८० अर्ब पुगेको छ। मर्जरपश्चात् शाखा सङ्ख्या तीन सय छ, एटिएम सङ्ख्या तीन सय ४४, एक्स्टेन्सन काउन्टर ४७ वटा र शाखारहित शाखा ६२ वटा पुगेका छन्।

अमिरप्रताप राणाको अध्यक्षतामा चन्द्र बाँस्तोला, इमानसिङ लामा, कृष्णप्रसाद ज्ञवाली र महेश पोखरेल सञ्चालक समिति सदस्य रहनुभएको छ। नेपालमा 'बिग मर्जर'मा बहार

*बाँकी तीन पृष्ठमा*

# जाडोमा हृदयाघातको उच्च जोखिम

डा ओममूर्ति अनिल
वरिष्ठ मुटुरोग विशेषज्ञ

काठमाडौँ, २८ पुस (रासस)।

नेपालमा उच्च रक्तचाप, मधुमेह, उच्च कोलस्ट्रोल हृदयाघात र मस्तिस्कघातजस्ता नसर्ने रोगहरूको प्रकोप बढ्दै गइरहेको छ। यस किसिमका रोगबाट हुने क्षतिले व्यक्ति, समाज र अन्ततः राष्ट्रलाई नै असर पार्न सक्ने भएकाले यी नसर्ने रोगहरूको प्रमुख कारण अस्वस्थ जीवनशैली हो भन्ने सबैले बुझ्न आवश्यक छ। अस्वस्थ जीवनशैली नै मुटसम्बन्धी रोगको प्रमुख कारण भएकाले आवश्यक उपाय अहिलेदेखि नै अवलम्बन गर्नुपर्ने हुन्छ। नभए भोलि प्रत्येक परिवारमा उच्च रक्तचाप, मधुमेह, उच्च कोलस्ट्रोल, हृदयाघात वा अन्य मुटुरोगका बिरामी हुनेछन्।

नेपालले स्वास्थ्य क्षेत्रमा निकै प्रगति गर्न सके पनि नसर्ने रोगको समस्या दिनप्रतिदिन बढ्दै गएको छ। उपचार सेवा र चिकित्सकहरू सहरी क्षेत्रमा नै केन्द्रित हुँदा ग्रामीण क्षेत्रका जनता आधारभूत जानकारी र अवसरबाट बञ्चित छन्। बालबालिका र युवाहरूमा बढ्दै गइरहेको अस्वस्थ आहारको सेवन, शारीरिक गतिविधिमा कमी, धुमपान, मदिरापानले भोलिको नेपाललाई अस्वस्थ बनाउने देखिन्छ। निम्न र मध्यम वर्गीय नेपालीहरूका लागि मुटुरोगको उपचार महँगो र असहज भएका कारणले यसको रोकथाम तथा नियन्त्रण नै एकमात्र विकल्प रहेको छ।

यतिबेला चिसो मौसमका कारण मुटुको समस्या भएका बिरामीको सङ्ख्या धेरै रहेको पाइन्छ। चिसो समयमा अस्पताल वा क्लिनिकहरूमा बिरामीको सङ्ख्या ह्वात्तै बढ्ने गर्दछ। उच्च रक्तचाप, मधुमेह, उच्च कोलस्ट्रोलजस्ता रोगहरूको समयमै उचित उपचार भएमा मुटुरोगको प्रकोपलाई घटाउन सकिने वरिष्ठ मुटुरोग विशेषज्ञ डा ओममूर्ति अनिल बताउनुहुन्छ। खासगरी चिसो याममा मुटुरोगबाट कसरी स्वस्थ रहन सकिन्छ भन्ने विषयमा डा अनिलसँग राष्ट्रिय समाचार समिति (रासस)का आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानी संक्षेपमा यहाँ प्रस्तुत गरिएको छ। हाल डा अनिल ग्राण्डी इन्टरनेशनल अस्पतालमा मुटुको शल्यक्रियामा संलग्न हुनुहुन्छ भने बसुन्धरामा उहाँको आफ्नै नेशनल कार्डियाटिक सेन्टरमा कार्यरत हुनुहुन्छ।

चिसो बढेसँगै जनजीवन नराम्ररी प्रभावित भएको छ। जाडो मौसममा विभिन्न प्रकारका रोगहरू लाग्ने गर्छन्। चिसोले निम्त्याउने स्वास्थ्य समस्याहरूमा मुटुसम्बन्धी समस्या मुख्य रहेको छ। चिसोले रक्तनली र शरीरमा सिधा प्रभाव पार्दछ। चिसोका कारण शरीरमा उत्पन्न हुने रसायन वा हर्मोनहरूले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्ने हुँदा मुटुभित्रका नलीमा रक्त सञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढ्न जान्छ। गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिम बढी रहने गर्दछ। यस्तो अवस्थामा बिरामी र वृद्धहरूलाई हृदयाघात हुने सम्भावना बढी हुने गर्दछ।

रक्तचापको नियन्त्रण नगरेमा हृदयाघातको खतरा दुई गुणा बढी हुन्छ। मधुमेहले पनि हृदयाघातको जोखिमलाई दुईदेखि तीन गुना बढाउँछ। लामो समयसम्म मधुमेह भएको व्यक्तिलाई यसको खतरा झन् बढी हुन्छ। मधुमेहका रोगीमा रक्तचाप र कोलस्ट्रोलको राम्रो नियन्त्रण नभएमा हृदयाघातको खतरा झन् बढी हुन्छ। संसारभरि नै हेर्ने हो भने सबैभन्दा बढी मानिसको मृत्यु मुटु र रक्तनलीसम्बन्धी रोगहरूले हुने गर्छ। हृदयाघात र मस्तिष्कघात नै मुटु र रक्तनलीसम्बन्धी प्रमुख रोगहरू हुन्। हृदयाघातपछि सबैभन्दा बढी मानिसको मृत्यु मस्तिस्कघातले हुने गर्दछ।

गर्मीको तुलनामा जाडो मौसममा मानिसमा मुटुरोगसम्बन्धी जोखिममा बढी हुने हुँदा संसारभर नै चिसोको बेला मुटुका रोगीको सङ्ख्या बढ्ने गर्दछ। मुटुको रोगको जटिलता बढ्दा मृत्युको सङ्ख्या पनि बढ्न जाने अनुसन्धानबाट पुष्टि भएको छ। चिसोको समयमा हृदयाघातमात्र होइन, मस्तिष्कघात पनि बढी हुने गर्दछ। चिसोमा रक्तसञ्चार प्रणालीमा बढी समस्या आउने गर्दछ। यसले गर्दा व्यक्तिको उच्च रक्तचाप बढ्ने, रक्त प्रवाहमा गडबडी गर्दछ। जसले गर्दा मुटुमा रक्तसञ्चार कमी हुन्छ। छाती दुख्ने, मुटु ढुकढुक हुने हुन्छ भने कतिपयलाई हृदयाघात पनि हुन्छ। जाडोमा कोलस्ट्रोलको मात्रा पनि बढी हुन्छ।

जाडो मौसममा चिसोका कारणले हाम्रो शरीरमा विभिन्न रसायन वा हार्मोनहरू बढ्न जान्छ। शरीरमा उत्पन्न हुने हर्मोनहरू हुन् जसले मुटुको चाल वा धड्कन बढाउन मद्दत गर्छन्। ती हार्मोनहरूले हाम्रो रक्तनलीलाई साँघुरो बनाउँछ। चिसोका कारण मुटुभित्रका नलीमा रक्तसञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढाइदिन्छ। यसले गर्दा रगतको नशामा जम्ने हुन्छ। मुटुको रक्तनलीमा भयो भने हृदयाघात हुन्छ भने यदि मस्तिष्कको नलीमा भयो भने मस्तिष्कघात हुन्छ।

यस्तै वायु प्रदूषण, शारीरिक व्यायाममा कमी, मानसिक दबाब, खानपानमा खराबी र मौसमका कारण पनि हृदयाघातको खतरा बढ्छ। जो व्यक्तिहरूको मुटु कमजोर हुन्छ, उनीहरूमा रोग लाग्ने सम्भावना बढी हुन्छ। मौसम खराब हुने कारण सबैभन्दा बढी समस्या श्वासप्रश्वासमा पर्छ। यसका साथै, फ्लु र निमोनियाजस्ता रोगहरू हुने सम्भावना जाडो मौसममा धेरै हुन्छ। यसैले जाडो मौसममा हाम्रो शरीर र मुटुलाई शरीरको तापमान सन्तुलनमा राख्न विशेष ध्यान दिनुपर्छ।

**जोखिममा रहने वर्ग**

उमेरले ६० नाघेका मानिसहरू मधुमेह वा दमका रोगी, अन्य रोग लागेका वा पहिल्यैदेखि मुटुसम्बन्धी समस्या भएका व्यक्तिहरू बढी जोखिममा पर्दछन्। मुटुसम्बन्धी समस्या भएका व्यक्तिहरूमा मुटुको अनियमित चाल, उच्च वा न्यून रक्तचाप, बाइपास सर्जरी गरेका वा मुटुको काम गर्ने शैलीमा समस्या भोगेका बिरामीहरूलाई लिन सकिन्छ।

यस्ता जोखिम वर्गमा रहेका व्यक्तिले विशेष सतर्कता अपनाउनुपर्छ। मुटुको परीक्षण गर्नुपर्छ। चिसोमा हिँड्न भएन, चुरोट मदिरा सेवन गर्नु भएन। कुनै औषधि नियमित सेवन गरिरहेका व्यक्तिले अझ बढी सचेत भई औषधि नछुटाइ खानुपर्छ। जोखिममा रहेका व्यक्तिमा मुटुरोगी, दमका रोगी र अन्य दीर्घरोगी (मिर्गौला, कलेजो र मस्तिष्क)का बिरामी पर्दछन्।

**बच्ने उपाय**

मुटु बचाउन चिसोबाट बच्नु पहिलो र महत्वपूर्ण उपाय हो। सबै व्यक्तिले चिसोबाट बच्नु पर्छ। घरभित्र बस्दा र घर बाहिर जाँदा पनि न्यानो कपडा लगाउनुपर्छ। बिहानै अति चिसोमा गरिने हिँडडुल कम गर्ने वा बन्दै गर्नुपर्छ। चिसो समयमा उच्च रक्तचाप, मधुमेह र कोलस्ट्रोललाई राम्रो अवस्थामा राख्नुपर्छ। सामान्यतः साठी वर्ष माथिका व्यक्ति बढी जोखिममा रहेका हुन्छन्। उच्च कोलस्ट्रोलले हृदयाघातको खतरा तीन गुना बढाउँछ। कोलस्ट्रोलको मात्रा रगतमा जति धेरै हुन्छ, हृदयाघातको खतरा पनि त्यति नै बढी हुन्छ।

चिसो समयमा प्रायः रक्तचाप, मधुमेह र कोलस्ट्रोलको मात्रा बढ्ने गर्छ। यतिबेला कतिपय बिरामीलाई औषधि परिवर्तन गर्नु हुनसक्छ। त्यसैले त्यस्ता रोगीहरूले समय-समयमा चिकित्सकसँग स्वास्थ्य परीक्षण गर्नुपर्छ। स्वास्थ्यसम्बन्धी कुनै पनि प्रकारको समस्या आएमा चिकित्सकको सल्लाह लिनुपर्छ। आफ्नो स्वास्थ्य अवस्थाका बारेमा जानकारी राख्नुपर्छ।

स्वस्थ मुटुका लागि खानपानमा समेत विशेष ख्याल गर्नुपर्छ। चिसोको महिना धेरै चिल्लो कुरा खानु हुँदैन। चुरोट सेवन, मदिरा सेवन गर्नु हुँदैन। त्यस्तै बोसोयुक्त खाना बढी खाने गरिन्छ, जुन मुटुका रोगीहरूका लागि राम्रो होइन। विशेषगरी जाडो छल्न भन्दै बढ्ने चुरोट र मदिरापानमा नियन्त्रण गुमाउँदा धेरै मानिसहरूमा मुटुको जोखिम बढ्ने र कसै-कसैको यही बेला हृदयाघात भइ मृत्यु पनि हुने गर्दछन्। धुमपानले हृदयाघातको खतरा दुईदेखि चार गुणा बढाउँछ।

जाडोमा व्यायाम पनि कमै गरिन्छ। यसले गर्दा थप जोखिम बढ्न जान्छ। योग, ध्यान, शारीरिक व्यायाम आदिलाई बढाउनुपर्छ। मोटोपन घटाउनुपर्छ। निद्रा पुग्ने गरी सुत्नुपर्छ। स्वास्थ्य व्यक्तिले पनि दैनिक व्यायाम, बिहानको हिँडाइ गर्न छाड्न हुँदैन। काठमाडौँ उपत्यकामा साँझको समय बढी हावा चल्ने हुँदा यस्तो बेला हिँड्नु थप जोखिमपूर्ण हुनेछ।

रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु बुद्धिमानी हुने भएकाले यसतर्फ सबै सचेत हुन आवश्यक छ। स्वस्थ आहार र व्यायामले नै शरीरका अङ्गहरूलाई स्वास्थ राख्न मद्दत गर्दछ। वनस्पतिहरूबाट प्राप्त हुने प्राकृतिक खानेकुराहरूलाई स्वस्थ आहार भनिन्छ। फलफूल र सागसब्जीमा भएको भिटामिन, मिनरल्स, फाइबर र अन्य पदार्थहरूले रक्तनली, मुटु र मस्तिष्कलाई स्वस्थ राख्छ। फलफूल र सागसब्जीमा पाइने भिटामिनहरूले हाम्रो रोग निरोधक क्षमतालाई बढाउँछ र सङ्क्रमण हुनबाट बचाउँछ। त्यसैले बजारमा पाइने तयारी खानेकुरा, विलासी जीवनशैली र मानसिक तनावबाट मुक्त हुनु नै निरोगी र दीर्घजीवी बन्ने उपाय हो।

## वाणिज्य बैंकमा...

ल्याउने बैंकका रूपमा ग्लोबल आइएमई बैंक अग्रस्थानमा छ। बैंकले पछिल्लोपटक बैंक अफ काठमाण्डूलाई गाभेको छ। यही पुस २५ देखि ग्लोबल आइएमई बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सुरु गरेको छ।

ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालको अध्यक्षतामा कृष्णप्रसाद शर्मा, देवेन्द्रप्रताप शाह, क्याबिनेट श्रेष्ठ, रामबहादुर भण्डारी, राधेश पन्त र मदनलाल जोशी सञ्चालक समिति सदस्य बन्नुभएको छ।

मर्जरपश्चात् बैंकको चुक्ता पुँजी रु ३५ अर्ब ७७ करोड पुगेको छ। यस आधारमा पनि यो बैंक सबैभन्दा ठूलो भएको छ। एकीकृत कारोबारपछि बैंकको कुल पुँजीकोष रु ५७ अर्ब पुगेको छ। निक्षेप सङ्कलन रु चार खर्ब १० अर्ब, कर्जा प्रवाह रु चार खर्ब र कुल सम्पत्ति रु पाँच खर्ब पुगेको छ। बैंकले सबै जिल्लामा शाखा सञ्जाल पुऱ्याएको छ।

हाल ग्लोबल आइएमई बैंकका देशभर एक हजार एक सय शाखा तथा तीन वटा वैदेशिक सम्पर्क कार्यालय छन्। दक्षिण कोरियामा नेपाली बैंकको पहिलो वैदेशिक शाखा सञ्चालनको अन्तिम तयारीमा पनि ग्लोबल आइएमई बैंक छ। बैंकमा हाल ४० लाखभन्दा बढी ग्राहक छन् भने चार हजारभन्दा बढी कर्मचारी कार्यरत छन्।

बैंकका अध्यक्ष ढकाल बैंक तथा वित्तीय क्षेत्रमा रचनात्मक र गुणात्मक परिवर्तन ल्याउन सकियोस् भन्ने उद्देश्य हालसम्म विभिन्न २१ वटा बैंक तथा वित्तीय संस्थालाई मर्जर र प्राप्ति गरेर ग्लोबल आइएमई देशको सबैभन्दा ठूलो बैंक बन्न सफल भएको बताउनुहुन्छ।

उहाँले भन्नुभयो, "हालसम्म पाँच वाणिज्य, १० वटा विकास बैंक र छवटा फाइनान्स गरेर २१ संस्था गाभिएर यो संस्था बनेको होर। ग्लोबल बैंक अहिले पुँजी, निक्षेप, कर्जा र शाखा सञ्जालमा अधिकांश वित्तीय सूचकमा नेपालको पहिलो बैंक भएको छ।"

त्यस्तै प्रभु र सेञ्चुरी बैंक मर्ज भएर यही पुस २६ गतेदेखि प्रभु बैंकको नामबाट एकीकृत कारोबार सुरु भएको छ। प्रभु बैंक र सेञ्चुरी बैंकबीच एक बराबर एक सेयर रहने गरी एकापसमा गाभिएका हुन्। मर्जरपश्चात् बैंकको चुक्ता पुँजी रु २३ अर्ब ५२ करोड पुगेको छ।

एकीकृत कारोबारपछि प्रभु बैंकको कुल सम्पत्ति रु तीन खर्ब ४० अर्ब, चुक्ता पुँजी रु २२ अर्ब, कुल निक्षेप रु दुई खर्ब ८४ अर्ब र कुल कर्जा प्रवाह रु दुई खर्ब ५३ अर्ब पुगेको छ। त्यस्तै ग्राहक सङ्ख्या ३० लाखभन्दा बढी, शाखा सञ्जाल तीन सय ६५, एटिएम सञ्जाल तीन सय नौ र एक्सटेन्सन काउन्टर ७२ वटा पुगेको बैंकले जनाएको छ।

एकीकृत कारोबार सुरु भएसँगै साविक सेञ्चुरी कमर्सियल बैंकमा खाता रहेका ग्राहकको १२ अङ्कको खाता नम्बर परिवर्तन भई १६ अङ्कको खाता नम्बर बनेको पनि प्रभु बैंकले जनाएको छ।

प्रभु बैंकबाट चार जना र सेञ्चुरी बैंकबाट तीन जना गरी कुल सात सदस्यीय सञ्चालक समिति बनेको छ। प्रभु बैंकका अध्यक्ष लीलाप्रकाश सिटौलाको अध्यक्षतामा रमेशसिंह खड्का, शङ्करप्रसाद कालिकोटा, रामेश्वर सापकोटा, मनबहादुर राई, अभिषेक बज्राचार्य र गीता प्रधान सञ्चालक समिति सदस्य रहनुभएको छ।

यसैगरी लक्ष्मी बैंक र सनराइज बैंकले पनि मर्जरका लागि सम्झौता गरेका छन्। मर्जरका लागि दुवै बैंकबाट दुई-दुर्य जनाको मर्जर समिति बनाइएको छ। मर्जरपछिको नाम लक्ष्मी सनराइज हुने सहमति भएको छ।

दुवै बैंकले प्रकाशित गरेको वित्तीय विवरण अनुसार लक्ष्मइ बैंकको चुक्ता पुँजी रू ११ अर्ब ५५ छ भने सनराइज बैंकको रू १० अर्ब ११ करोड छ।

# विश्व समाचार

## महिलामाथिको प्रतिबन्धले मानवीय सहायता परिचालनमा अवरोध

काबुल, २८ पुस (रासस एपी)।

गत जुनमा महिला चिकित्सकको एउटा टोली छ घण्टा लामो पहाडी मार्गको यात्रा पूरा गरेर पूर्वी अफगानिस्तानको एउटा गाउँ पुग्यो जहाँ भूकम्पबाट एक हजारभन्दा बढी अफगानीले ज्यान गुमाएका थिए।

भूकम्प भएको दोस्रो दिन महिला चिकित्सार्कमीको टोली त्यहाँ पुगेको थियो। घाइते भएका पुरुषले अघिल्लै दिनदेखि उपचार पाएका थिए तर महिलाका आला घाउबाट रगत बगिरहेको थियो सामान्य उपाचारसमेत नपाएर। पुरातन सोच र रुढीवादी समाजमा जकडिएको अफगानिस्तानका महिला महिला चिकित्सक नआएसम्म त्रिपालबाट बाहिर निस्केनन्।

मानवीय सहायताकर्मी महिला नहुँदा कठिन एवम् दयनीय स्थिति अफगान महिलाले झेल्नुपरेकामा खिन्न छन् अन्तर्राष्ट्रिय उद्धार समितिकी समिरा सैयद रहमान। उनले गाउँका ज्येष्ठ नागरिकहरूलाई महिला स्वास्थ्यकर्मीको टोली सेवाका निम्ति आइसकेको जानकारी दिएपछि मात्र भूकम्प पीडित महिला उपचारका लागि घर वा त्रिपाल बाहिर आएका थिए। आपत्कालीन अवस्थामा पनि महिलाहरू घरभित्रै बस्नुपर्ने बाध्यात्मक व्यवस्था देशभर लागू गरिएको उनी बताउँछिन्।

"यो एउटा उदाहरण मात्र हो, " सैयद भन्छिन्- गैरसरकारी संस्थामा महिलालाई काम गर्न नदिने तालिबानको आदेशले अफगानिस्तान र त्यहाँका महिलाको अवस्थालाई चित्रित गर्छ। परिणामको परवाह नगरी लादिएका यस्ता निर्णयले महिला कामदारको महत्व पनि रूढीग्रस्त अफगानी समाजमा दर्शाएको छ।

यही पुस ९ गतेदेखि अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय गैरसरकारी संस्थामा महिलाले काम गर्न नपाउने आदेश तालिबानले जारी गरेपछि केही अन्तर्राष्ट्रिय सङ्गठनले महिला कर्मचारी बिना काम गर्न नसक्ने भन्दै सहायता परिचालन बन्द गरे। सहायता निकायका अनुसार महिलालाई सेवामा रोक लगाउँदा सयौँ हजार प्रभावित हुने तथा त्यसले घातक परिणाम ल्याउने चेतनवनी दिएका छन्। लामो युद्धका कारण नाजुक बनेको नागरिक जीवन र कमजोर आर्थिक स्थितिले अफगानीस्तानमा तालिबानको अव्यावहारिक आदेशले थप जटिलता थोपरेको छ।

सन् २०२१ को अगस्टमा तालिबानले सत्ता कब्जा गरेदेखि नै सहायता निकाय र गैरसरकारी संस्थाहरूले अफगानिस्तानमा सहयोग जारी राखेका छन्। अन्तर्राष्ट्रिय समुदायले तालिबान शासनलाई मान्यता दिएको छैन भने मुद्रा सञ्चिति घटेको छ, विश्वव्यापी बैंकिङबाट काबुल कटौतीमा परेको छ। युद्धका कारण जर्जर बनेको अर्थतन्त्र ध्वस्त भएको छ। यद्यपि गैरसरकारी संस्थाहरूले तालिवानका आदेश उल्लङ्घन गर्दै खाद्यान्न सहयोगदेखि लिएर स्वास्थ्य सेवा र शिक्षाजस्ता आधारभूत सेवा प्रवाह गराउँदै आएका छन्।

प्रतिबन्ध घोषणा हुनेवित्तिकै ११ वटा ठूला अन्तर्राष्ट्रिय सहायता समूह र केही साना समूहले आफ्ना महिला कामदारबिना काम गर्न नसक्ने भन्दै आफ्ना कामहरू पूर्ण रूपमा स्थगन गरेका छन्। अन्य धेरैले पनि नाटकीय रूपमा सेवा घटाएका छन्। करिब १४ प्रतिशत गैरसरकारी संस्थाले मात्र पूर्ण क्षमतामा सेवा प्रवाह गरेका छन्। खाद्यान्न आपूर्तिलगायत मानवीय सहायता प्रवाहमा राष्ट्रसङ्घीय निकाय क्रियाशील छन्।

तालिबानको प्रतिबन्धलाई वेवास्ता गर्दै विश्व खाद्य कार्यक्रमले अघिल्लो महिनाको अन्त्य र यो महिनाको पहिलो सातासम्ममा चार करोड अफगानीमध्ये एक करोड ३० लाखलाई खाद्य सहयोग वा खाद्यान्न खरिदका निम्ति नगद हस्तान्तरण गरेको छ। महिलामाथिको प्रतिबन्ध कहिलेसम्म लागू रहन्छ भन्नेमा कोही स्पष्ट छैन। केही स्थानमा महिलाले काम गरिरहेका छन्।

## चट्याङ लागेर त्रिसट्ठी जनाको मृत्यु

नोमपेन्ह, २८ पुस (रासस/सिन्ह्वा)।

कम्बोडियामा सन् २०२२ मा चट्याङले ६३ जनाको ज्यान लिएको थियो। सन् २०२१ मा ८३ जनाको मृत्यु भएको थियो। सन् २०२१ को तुलनामा सन् २०२२ मा चट्याङ लागेर ज्यान गुमाउनेको सङ्ख्या २४ प्रतिशतले कम भएको प्रकोप नियन्त्रणका प्रवक्ताले बिहीवार बताउनु भएको छ।

मृत्यु बाहेक, चट्याङले गत वर्ष अन्य ५८ जना घाइते भएका राष्ट्रिय प्रकोप व्यवस्थापन समिति (एनसीडिएम)का प्रवक्ता सोथ किम कोल्मोनीले बताउनु भएको छ। उहाँ चट्याङ लाग्नबाट जोगाउने जनचेतनामा कमी आएको जानकारी दिनु भएको छ ।

'चट्याङको खतराबाट बच्न, विशेष गरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूले हावाहुरी वा वर्षा हुँदा घर वा आश्रयमा बस्नुपर्छ,' उहाँले सिन्ह्वालाई भन्नु भएको छ।

एनसीडीएमले उच्च जोखिममा रहेका प्रान्तहरुको वास्तविक आवश्यकताहरुको समीक्षा र मूल्याङ्कन गर्न भ्रमण गर्ने र ती प्रान्तहरूमा बिजुली संरक्षण उपकरणहरू स्थापना गर्नुअघि स्वीकृतिको लागि नेताहरूलाई जानकारी गराउने उहाँले बताउनु भएको छ। प्रवक्ताका अनुसार मेदेखि अक्टोबरसम्म वर्षायाममा चट्याङ लाग्ने गरेको छ।

# मधेस प्रदेशका मुख्यमन्त्री बनेका सरोजकुमार यादवको राजनीतिक यात्रा



धनुषा, २८ पुस (रासस)।
मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव पटकपटक कार्यकारी पदमा रही अनुभव बटुलि सक्नुभएको छ। यसअघि मधेस प्रदेशको सभामुखको भूमिका निर्वाह गरिसक्नुभएका मुख्यमन्त्री यादव सङ्घीय सरकारमा दुईपटक राज्यमन्त्री बनिसक्नुभएको छ।

विसं २०३० मा जन्मनुभएका यादव सिम्रौनगढ नगरपालिका–३ नयका टोला निवासी हुनुहुन्छ। भारतीय सीमावर्ती क्षेत्र भारत विहारका नेतासँग उहाँको राम्रो सम्बन्ध छ। गाउँ आसपासमा धार्मिक, शिक्षा, सामाजिक र स्वास्थ्य क्षेत्रमा उहाँको परिवारले जग्गा र नगद दान गरेकाले यस क्षेत्रमा उहाँको परिवारको योगदानको चर्चा हुने गर्दछ।

धनाढ्य परिवार (जमिन्दार) का उहाँका स्व पिता परमानन्दप्रसाद यादव पनि पञ्चायतकालमा गाउँ पञ्चायतका मुखिया हुँदै प्रजातन्त्रपछि सद्भावना पार्टीका नेता हुनुहुन्थ्यो। मुख्यमन्त्री यादव सद्भावना पार्टीका महासचिव हुनुहुन्थ्यो। जसपा, लोसपा, सद्भावना लगायतका मधेस केन्द्रित दल एकीकरण भएर राजपा बन्दा उहाँ राजपाका राष्ट्रिय उपाध्यक्षसमेत हुनुभएको थियो। उहाँले प्रवीणता प्रमाणपत्र तह (आइएससी) सम्म अध्ययन गर्नुभएको छ। माध्यमिक शिक्षा गाउँ नजिकै सिम्रौनगढस्थित कङ्काली माविबाट प्राप्त गर्नुभएको हो।

चौबिस वर्षकै उमेरमा वीरगञ्जको ठाकुरराम बहुमुखी क्याम्पसमा पढ्दापढ्दै तत्कालीन हरिहरपुर गाविसको अध्यक्षमा पहिलो पटक निर्वाचित हुँदै उहाँले राजनीतिक यात्रा थाल्नुभएको थियो। विसं २०५९ सम्म उहाँ गाविस अध्यक्ष हुँदा लोकप्रियता कमाउन सफल हुनुभएको थियो।

विसं २०६४ को पहिलो संविधानसभा सदस्यमा बारा क्षेत्र नं १ बाट प्रत्यक्षतर्फ सद्भावना पार्टीबाट निर्वाचित हुँदै उहाँले संसदीय यात्रा सुरु गर्नुभएको थियो। तत्कालीन मधेसी जनाधिकार फोरमका उम्मेदवार रामबाबु यादवलाई पराजित गरी यादव विजयी हुनुभएको थियो।

त्यसबेला नेकपा माओवादीको सरकार थियो। पुष्पकमल दाहाल प्रचण्ड र डा बाबुराम भट्टराई नेतृत्वको सरकारमा सद्भावना पार्टीबाट उहाँ पहिलो पटक सङ्घीय स्वास्थ्य राज्यमन्त्री र दोस्रोपटक उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री बन्नुभएको थियो।

विसं २०७० मा भने फेरि यसै क्षेत्रबाट दोस्रोपटक संविधानसभा सदस्यमा उम्मेदवार बन्दा कांग्रेसका उम्मेदवारसँग पराजित हुनुभएको थियो। विसं २०७४ मा बारा निर्वाचन क्षेत्र १ को (२) बाट प्रदेशसभा सदस्यमा तत्कालीन राजपाबाट विजयी भई मधेस प्रदेशका सभामुख बन्नुभएको थियो।

मुख्यमन्त्री यादव एमाले र जसपाबीचको चुनावी तालमेलमा बारा निर्वाचन क्षेत्र नं १ को (२) बाट प्रदेशसभा सदस्यमा उम्मेदवारी दिएर दोस्रो पटक निर्वाचित हुनुभएको हो। राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीबाट राजनीति यात्रा सुरु गर्नुभएका यादवले पहिलो पटक तत्कालीन राजपाबाट चुनावी प्रतिस्पर्धा गर्नुभएको थियो भने यसपटक जसपामा प्रवेश गरी उम्मेदवारी दिनुभएको थियो। दोस्रो पटकको चुनावमा उहाँको क्षेत्रमा गत मङ्सिरको चुनावमा वाम लोकतान्त्रिक गठबन्धन थिएन।

यादवले चार हजारभन्दा बढी मतान्तरले निकटम प्रतिद्वन्द्वी कांग्रेसका उम्मेदवार नागेन्द्र साह पराजित गर्दै विजयी हुनुभएको हो। यसरी पाँच वर्षसम्म सभामुखको अनुभव बटुलिसक्नुभएको यादवले २०७९ को चुनावमा सोही क्षेत्रबाट एमालेको तालमेलमा जसपाका तर्फबाट उम्मेदवार भएर विजयी भई मुख्यमन्त्री हुनुभएको छ।

# वाणिज्य बैंकले ब्याजदर घटाउँदै

काठमाडौं, २८ पुस (रासस)।
वाणिज्य बैंकहरूले माघमा ब्याजदर घटाउने भएका छन्। बुधबार बसेको वाणिज्य बैंकहरूको छाता सङ्गठन नेपाल बैंकर्स सङ्घको बैठकले माघ महिनाका लागि बैंकहरूले एक दशमलव १३ प्रतिशत ब्याजदर घटाउने निर्णय गरेको सङ्घले जनाएको छ।

हाल वाणिज्य बैंकहरूले व्यक्तिगत मुद्दति निक्षेपमा १२ दशमलव १३३ प्रतिशत र संस्थागततर्फ नौ दशमलव १३३ प्रतिशत ब्याज तोकेका छन्। रेमिट्यान्स मुद्दति खातामा १५ दशमलव ३३३ प्रतिशतसम्म ब्याज रहेको छ। माघमा भने बैंकहरूले व्यक्तिगत मुद्दति निक्षेपमा ११ प्रतिशत र संस्थागततर्फ नौ प्रतिशत ब्याज तोकेका छन्। रेमिट्यान्स मुद्दति खातामा १२ प्रतिशत ब्याजदर तोक्नेछन्।

# बालबालिकालाई पोशाक वितरण



दैनिक समाचारदाता
राजविराज, २८ पुस।
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ बनरझुलास्थित राजाजी आधारभूत विद्यालयका विद्यार्थीलाई विहिबार पोशाक वितरण गरिएको छ।

बालविकास केन्द्रदेखि कक्षा ८ सम्मका सो विद्यालयका २ सय ४६ बालबालिकालाई सर्ट, पाइन्ट, सुइटर र जुत्ता प्रदान गरिएको हो।

वडा कार्यालयले विनियोजित रकमबाट पोशाक वितरण गरिएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए।

पोशाक वितरण कार्यक्रममा बोल्दै गाउँपालिकका अध्यक्ष अरुण कुमार मण्डलले गुणस्तरीय शिक्षा आफ्नो प्राथमिकता रहेकोले खस्किदै गएको शिक्षाको अवस्थालाई सुधार गर्न सबै पक्ष लाग्नुपर्ने बताए।

उनले बालबालिकाको शिक्षाको अवस्थामा सुधार ल्याउन अभिभावक समेत सचेत हुनु जरुरी रहेको उनको भनाई थियो।

त्यस्तै सोही कार्यक्रममा तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष ललन प्रसाद राउतले शिक्षाको स्तरवृद्धिका लागि आफू लागि परेको बताउँदै आफ्नो वडाको चार वटै विद्यालयका बालबालिकालाई प्रत्येक बर्ष पोशाक वितरण गर्ने योजना रहेको जानकारी दिए।

वडा अध्यक्ष ललन प्रसाद राउतको अध्यक्षतामा आयोजित पोशाक वितरण कार्यक्रममा वडा सदस्यद्वय राजेन्द्र प्रसाद राय र हिरालाल साह, सत्यनारायण मुखिया, नन्दकिशोर राय, देवराम शर्मा लगायतकाले मन्तव्य दिएका थिए।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१–५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

## डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

## जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१–५३१०९६
ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१–५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*